

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर ७ गते बुधबार ❑ 23 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## स्याङ्जामा मतगणना प्रक्रिया अनिश्चित

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ६ मंसिर

देशभरबाट मतगणनाको नतिजा आइरहेका बेला स्याङ्जा संघिय निर्वाचन क्षेत्र २ मा भने मतगणना प्रक्रिया अझै शुरु हुन सकेको छैन । दुई ठुला पाटी नेपाली काँग्रेस र नेकपा एमालेको मतगणनामा विवाद देखिएपछि मतगणना हुन नसकेको हो । नेकपा एमालेले बुथ कब्जा गरिएका मतदान केन्द्रमा पुन मतदानको माग गरेको छ भने सत्ता गठबन्धनले उत्साहपूर्वक मतदाताले मतदान गरेकोले मतगणनामा शुरु गर्नुपर्छ भन्ने अडानले मतगणनामा समस्या आएको छ ।

मंसिर ४ गते भएको प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा सामान्य घट्ना भएपनि शान्तिपूर्ण रुपले मतदान प्रक्रिया सकिएको छ । मतदान प्रक्रिया सगै मतपरिणामको प्रतिक्षामा स्याङ्जा क्षेत्र नम्वर २ का नागरिकहरु बसेका छन् । तर मतगणना हुन्छ या पुन मतदान हुन्छ भन्ने अन्योल कायमै छ । स्याङ्जा संघीय निर्वाचन क्षेत्र नम्वर २ को मतगणना प्रक्रिया शुरु गर्न भन्दै नेपाली काँग्रेस सहित गठबन्धनले निर्वाचन कार्यालयमा धर्ना दिएको छ भने नेकपा एमालेले केही मतदान केन्द्रमा नेपाली काँग्रेसले बुथ कब्जा गरी एकलौटी मत खसालेको आरोप लगाउदै पुन मतदानको माग राखेर आन्दोलनमा छ ।






२०७४ को निर्वाचनमा पनि मतगणनामा समस्या देखिएको यो क्षेत्रमा पुन २०७९ मा पनि समस्या देखिएको छ। सर्वदलिय बैठकमा सहमति जुट्न नसकेपछि अहिलेसम्म पनि निर्वाचन कार्यालयले मतगणना प्रक्रिया अगाडि बढाउन सकेको छैन । मतगणना प्रक्रिया अगाडि नबढाएपनि नेपाली काँग्रेस सहित गठबन्धनका दलहरुले मतगणना प्रक्रियालाई शुरु गर्न भन्दै निर्वाचन कार्यालय अगाडि बिहान ९ बजेदेखि धर्ना दिदै बसेको छ । पुन मतदान हुने काम भएमा नजिरका रुपमा बस्ने भन्दै प्रक्रियागत मतपेटीका आएकाले तुरुन्तै मतगणना शुरु गर्न नेपाली काँग्रेस सहित गठबन्धन दलले आग्रह गरेका छन् । नागरिकले उत्साहपुर्वक गरेको मतदानदानलाई हारको मानसिकता देखाएर मतगणनामा अवरुद्ध गर्न नहुने नेपाली काँग्रेसका कार्यबहाक सभापति केदार काफ्लेले बताए । पुन मतदानको हामीले कल्पना पनि गरेका छैनौ सभापति काफ्लेले भने, 'निर्वाचनका क्रममा एमालेले बुथ कब्जा गर्न खोज्दा काँग्रेसका साथीहरु पनि घाईते भएका छन् ।' त्यसैले विगतलाई समिक्षा गर्दै आगामी बाटोलाई राम्रो बनाउने लक्ष्यका साथ मतगणनामा ढिलाई गर्नुहुदैन उनले भने ।

नेकपा एमालेले भने चापाकोटमा बुथ कब्जा गरेका मतदान केन्द्रमा पुन मतदान नभएमा मतगणना हुन नदिने बताएको छ । जनताले मतदान गर्न पाउने अधिकारलाई सुनिश्चित गर्ने हाम्रो माग हो भन्दै पुन मतदानको हुनुपर्ने स्याङ्जा क्षेत्र नम्वर २ का प्रदेश (क) नेकपा एमालेका उम्मेदवार मोहोन रेग्मीले बताए । लोकतन्त्रमा सबैको अधिकार हुन्छ उनले भने,'विधि र प्रक्रिया बिरुद्धको लडाई हो ।' जबसम्म सो ठाँउका जनताले आफ्नो मताधिकारर प्रयोग गर्न पाउदैनन् मतगणना हुदैन उनले भने ।

नेकपा एमालेले चापाकोट नगरपालिका ३ स्थित दिसिङ्कोट आधारभुत विद्यालय, ४ को राममन्दिर मावि, ५ को जनसक्रिय मावि र दिनदयालु आधारभुत विद्यालयमा बुथ कब्जा गरेको आरोप लगाएको छ । गठबन्धनले नागरिकले संविधान बमोजिम आत्मनिर्णयको अधिकारलाई मतपेटीकामा व्यक्त गरेकाले यसको नतिजा बाहिर ल्याउनुपर्ने जनाएको छ । मतगणना हुन्छ या मतदान हुन्छ भन्ने बिषयमा निर्वाचन अधिकृत सगँ बुझ्ने प्रयासमा निर्वाचन अधिकृतले भेट्न चाहेनन् । तर यस बिषयमा निर्वाचन आयोगमा जानकारी पुगिसकेकाले निर्वाचन आयोगको पर्खाइमा रहेको स्याङ्जा क्षेत्र नम्वर २ का निर्वाचन अधिकृत रामचन्द्र शर्माले बताए । यो क्षेत्रबाट गठबन्धबाट नेपाली काँग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङ र नेकपा एमाले केन्द्रीय सचिव पद्मा अर्याल सहित १२ जना प्रतिनिधिसभाका लागि प्रतिस्पर्धामा छन् । हेभीवेट नेताहरु भएकाले प्रतिस्पर्धा निकै कडा देखिएको छ । मतदानको प्रक्रियागत त्रुटि हो वा होइन भन्ने बिषयलाई निर्वाचन आयोगले ढिला नगरी नागरिकलाई छिटो सूचना दिनुपर्ने अवस्था देखिन्छ।

## कांग्रेस संसदीय दल निर्वाचनमा लाग्छु- थापा

रासस
काठमाडौं, ६ मंसिर

काठमाडौँ जिल्लाको निर्वाचन क्षेत्र नं ४ मा प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसका गगनकुमार थापा विजयी हुनुभएको छ । निर्वाचन अधिकृत शारदा पौडेलका अनुसार ४५ हजार नौ सय २९ मत खसेकामा २१ हजार तीन सय दुई मत प्राप्त गर्दै उहाँ विजयी हुनुभएको हो ।



थापाका निकटतम प्रतिद्वन्द्व नेपाल कम्युनिष्ट पार्टी (एमाल)का राजन भट्टराईले १३ हजार आठ सय ५५ मत प्राप्त गर्नुभएको छ ।

काठमाडौँ क्षेत्र नं ४ प्रतिनिधिसभा सदस्यतर्फ निर्वाचित हुनुभएका नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आफू संसदीय दलको निर्वाचनमा जुट्ने बताउनुभएको छ । निर्वाचनमा मतगणनाको अन्तिम परिणामपछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले यो निर्वाचनबाट मतदाताले तेतृत्वप्रति आक्रोश देखाएको मात्र नभइ नयाँ नेतृत्वको अपेक्षासमेत गरेको बताउनुभयो। "मतदाताले स्थिर सरकार मात्र खोजेको होइन, नेपाल हाक्ने नयाँ चालक पनि चाहेको छ। त्यो चालक नेपाली कांग्रेसले दिनसक्छ । कांग्रेसले नै अन्य पार्टीलाई एकताबद्ध बनाएर नयाँ नेतृत्व लिन तयार छ" महामन्त्री थापाले भन्नुभयो, "आम जनतालाई पनि विस्वस्त तुल्याउन चाहन्छु, निर्वाचन अभियान सकिएपछि अब म आजैदेखि कांग्रेस संसदीय दलको चुनावका लागि तयारीमा जुट्छु ।"अहिले गठबन्धन गरिरहेको नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ले चुनावपछि पनि सहकार्य जारी राख्नेमा आफू आशावादी रहेपनि चुनावी अन्तिम नतिजाले त्यसको निर्क्योल गर्ने थापाको प्रतिक्रिया थियो ।

त्यसैगरी नागरिकका अपेक्षा पूरा गर्न नसक्दा अहिले मतदाताले आक्रोश पोखिरहेको पनि उहाँको भनाइ थियो । "हामीले गरेको वाचा पूरा हुन सकेका छैनन् । हामी पाँच वर्षका लागि निर्वाचित भए पनि व्यवहारिक हिसाबले पाउने समय भनेको पाँच महिना मात्रै हो," थापाले भन्नुभयो, "म मतदाताको ऋणी छु। जुन विश्वासका साथ मलाई मतदान गराउनुभएको छ, त्यसमा ठेस लाग्ने र आघात पुग्ने काम गर्नेछैन । दिनरातको मेहनतबाट आजभन्दा भोलि राम्रो हुने अवस्था बनाउनुपर्ने छ ।"

## पोखरा विमानस्थलको भूमिस्थ सेवा प्रदान गर्न प्राधिकरणलाई वायुसेवा निगमको अनुरोध

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ सेवा 'ग्राउण्ड ह्याण्डलिङ' निगमलाई प्रदान गर्न नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणलाई अनुरोध गरेको छ । निगमले ग्राउण्ड ह्याण्डलिङमा लामो अनुभव रहेको र सोहीअनुसारको दक्ष जनशक्ति तथा आवश्यक प्राविधिक स्रोत साधनको उपलब्धता रहेकाले निगमलाईप्रदान गर्न अनुरोध गरिएको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिनुभयो ।

सोमबारदेखियान्त्रिकपरीक्षण उडान भइरहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भूमिस्थ सेवा प्राधिकरण आफैँले गर्ने जनाएको थियो ।

'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निगमको स्थापनाकालदेखि नै आफ्नो र अन्य अन्तर्राष्ट्रिय एयरलाइन्सहरूलाई ग्राउण्ड ह्याण्डलिङ सेवा प्रदान गर्दै आएको छ । ग्राउण्ड ह्याण्डलिङ कार्यमा लामो समयसम्मको व्यवस्थापकीय अनुभव, सोहीअनुसारको स्रोत साधन र जनशक्ति रहेकाले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कास्की १,२ र ३ वटैमा एमालेको अग्रता

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर

कास्की निर्वाचन क्षेत्र नं १ मा नेकपा (एमाले)ले अग्रता कायम गरेको छ । कास्की क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यका लागि नेकपा एमालेका मनबहादुर गुरुङ पाँच हजार दुई सय ५६ मत प्राप्त गर्दै अघि हुनुहुन्छ भने उहाँलाई नेपाली कांग्रेसका किशोरदत्त बरालले चार हजार चार सय २६ मतसहित पछ्याउनुभएको छ ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका राजु राईले पाँच सय ५६ मत ल्याउनुभएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीका सूर्यबहादुर गुरुङ्ले दुई सय ८१ मत ल्याउनुभएको छ । उक्त क्षेत्रको प्रदेश (२) मा ११ हजार एक सय पाँच मत गन्दा दुई सय ८६ मत बदर भएको छ ।

यस क्षेत्रमा कूल ६८ हजार छ सय ३२ मत खसेकामा ११ हजार २० मतगणना गर्दा चार सय २० मत बदर भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जारी मतगणनामा प्रदेशसभा सदस्यका लागि नेकपा एमालेका बेदबहादुर गुरुङ पाँच हजार चार सय ३० मतसहित अघि हुनुहुन्छ भने नेपाली कांग्रेसका दीपक गुरुङले चार हजार सात सय १२ मतसहित उहाँलाई पछ्याउनुभएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका महेन्द्रबहादुर कार्कीले चार सय २८ मत प्राप्त गर्नुभएको छ भने हाम्रो नेपाली पार्टीका महेश श्रेष्ठले एक सय ४३ मत प्राप्त गर्नुभएको छ ।

समानुपातिकतर्फ त्यस्तै १० हजार पाँच सय ७० मतगणना गर्दा तीन सय १७ मत बदर भएको छ । यसमा नेकपा एमालेले चार हजार चार सय २३ मत ल्याएको छ भने नेपाली कांग्रेसले तीन हजार चार सय ११ मत ल्याएको छ ।


त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले एक हजार ७५ मत, नेकपा माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीले सात सय १५ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन सय ३८ मत, नेकपा एकीकृत समाजवादीले एक सय ३८ मत प्राप्त गरेका छन् । क्षेत्र नं १ को प्रदेशसभा (२)मा नेकपा एमालेले चार हजार सात सय १५ मत, नेपाली कांग्रेसले तीन हजार छ सय ५२ मत, नेकपा माओवादी केन्द्र/नेपाल समाजवादी पार्टीले सात सय ८८ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सय १८ मत, नेकपा एकीकृत समाजवादीले एक सय २५ मत, हाम्रो नेपाली पार्टीले एक सय ४२ मत प्राप्त गरेका छन् ।

यसैगरी कास्की क्षेत्र नं २ मा नेकपा (एमाले) की विद्या भट्टराईले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का माधवप्रसाद कँडेललाई पछि पार्नुभएको छ । जारी मतगणनामा कास्की क्षेत्र नं २ मा रास्वपाका कँडेलले सुरुआती अग्रता लिनुभएको थियो । पछिल्लो मतपरिणामअनुसार एमालेकी भट्टराई चार हजार आठ सय ५१ मत प्राप्त गर्दै अग्रस्थानमा हुनुहुन्छ। उहाँलाई रास्वपाका कँडेलले चार हजार सात सय सात मतसहित पछ्याउनुभएको छ । नेकपा (एकीकृत समाजवादी) का श्रीनाथ बरालले तीन हजार दुई सय सात मत प्राप्त गर्नुभएको छ । उक्त निर्वाचन क्षेत्रको प्रदेशसभा (१) मा एमालेका उम्मेदवार भीमबहादुर कार्की पाँच हजार नौ मतसहित अग्रस्थानमा हुनुहुन्छ भने उहाँलाई राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार विजयबहादुर भण्डारीले चार हजार छ सय १२ मतसहित पछ्याइरहनुभएको छ । कास्कीको निर्वाचन क्षेत्र नं ३ मा नेकपा एमालेले अग्रता लिएको छ ।एमालेका दामोदर बैरागीले छ हजार आठ सय ३९ मतसहित अग्रता लिनुभएको हो ।

उहाँलाई राष्ट्रिय स्वतन्त्र पार्टीका योगराज पौडेलले पाँच हजार पाँच सय ७० मतसहित पछ्याउनुभएको छ । यस क्षेत्रमा कूल ६१ हजार चार सय १४ मत खसेकोमा हालसम्म २० हजार आठ सय ७० मतगणना भएको छ । जसमध्ये एक हजार एक सय २० मत बदर भएको छ निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

नेकपा (माओवादी केन्द्र)का रामजीप्रसाद बराल(जीवन)ले चार हजार आठ सय ३८ मत ल्याउनुभएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीका जगतप्रसाद सुवेदीले एक हजार ५० मत ल्याउनुभएको छ।

यस निर्वाचन क्षेत्र अन्तर्गत प्रदेशसभा १ मानेकपा एमालेका गणेशमान गुरुङ आठ हजार सात सय ४६ मतसहित अग्रता लिनुभएको छ । उहाँलाई पाँच हजार तीन सय ९९ मतसहित दुर्गादत्त भण्डारीले पछ्याउनुभएको छ । साथै, राष्ट्रिय प्रजातन्त्र पार्टीका केदारनाथ पौडेलले तीन हजार एक सय ४७ हाम्रो नेपाली पार्टीका खीमप्रसाद तिमिल्सिनाले दुई हजार एक सय २५ मत प्राप्त गर्नुभएको छ । हालसम्म २० हजार आठ सय ६२ मतगणना भएकोमा आठ सय मत बदर भएको छ।

# अन्नपूर्ण संरक्षणकर्मी गुरुङलाई ब्रेज मेश्रों अवार्ड

पोखरापत्र संवाददाता
पोखरा, ६ मंसिर



घान्द्रुक समाज हङकङले अन्नपूर्ण संरक्षणकर्मी चिन्त बहादुर गुरुङलाई छैठौं ब्रेज मेश्रों अवार्ड प्रदान गरेको छ।

घान्द्रुक (कोंड) क्होइबों धिं निर्माण सहयोगार्थ रकम हस्तातरणको अवसरमा अन्नपूर्ण संरक्षणकर्मी गुरुङलाई नगद रु २६ हजार ५ सयसहित छैठौं ब्रेज मेश्रों अवार्डबाट सम्मान गरेको हो। ७२ वर्षीय गुरुङले अन्नपूर्ण संरक्षण क्षेत्रमा ४२ वर्ष गरेको सेवाको मूल्याकङ्कन गर्दै छैठौं ब्रेज मेश्रों अवार्डबाट सम्मान गरेको घान्द्रुक समाज हङकङका निवर्तमान अध्यक्ष चन्द्र गुरुङले बताए। उनका अनुसार यस अघि राजबहादुर गुरुङ, कृष्णप्रसाद पौडेल, भक्तबहादुर गुरुङ, धनमाया गुरुङ र ललित गुरुङलाई सम्मान अर्पण गरिसकेको छ। सो कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका अन्नपूर्ण गाउँपालिका १० का वडाध्यक्ष गौतम गुरुङले सरकारले विकासको लागि छुट्याएको बजेट दुरुपयोग नगर्ने बताए। 'सामाजिक विकासबाट सरकारबाट विनियोजित रकम दुरुपयोग भएको सुन्न सकिन्छ' उनले भने, ' घान्द्रुकको विकासका लागि सरकार तथा विभिन्न संस्थाहरुले गरेको आर्थिक सहयोग दुरुपयोग गर्ने छैनौं। विकासका लागि आएको बजेटको सदुपयोग गर्न उपभोक्ता समिति गठनको तयारीमा छौं।' सामाजिक विकासको लागि विभिन्न क्षेत्रमा आवद्ध रहेका समुदायले आर्थिक र भौतिक रुपमा सहयोग गरेको भन्दै धन्यवाद प्रकट गरेका थिए।

सो कार्यक्रमको अवसरमा घान्द्रकमा निर्माण हुन लागेको (कोंड) क्होइबों धिं निर्माण घान्दुक समाज हङकङले आर्थिक सहयोग गरेको छ। समाजले मंगलबार घान्द्रुक (कोंड) क्होइबों धिं निर्माणका आर्थिक संयोजक रुप गुरुङलाई १० लाख ६० हजारको हस्तारण गरेको हो।

आर्थिक हस्तातरणपछि बोल्दै संयोजक गुरुङले सामाजिक सेवामा आर्थिक, नैतिक र भौतिक रुपमा गरिने सहयोगले समाजको माया बढेर जाने बताए। ' विभिन्न देशविदेशमा घान्द्रकका समुदायहरु बसोबास गर्दै आएका छन्, उनले भने, 'सामाजिक उत्तरदायित्व वहन गर्न समाजमा सहयोग अनिवार्य छ। समाजमा आर्थिक, नैतिक र भौतिक सहयोगले समाजको माया अझै बढेर जान्छ।' घान्द्रकमा स्थापना गर्न लागेको घान्द्रुक (कोंड) क्होइबों धिं निर्माणमा गर्न ढिलाई भएको भन्दै गुरुङ फागुनमा शिलन्यास गरेर निरन्तर काम अगाडी बढाउने उद्घोष गरे। 'चाँडै नै बनाउने तयारी हो तर नेपाल मात्र नभएर विश्व नै कोभिड महामारिले काम गर्न सकिएन अब फागुनबाट निर्माणको तयारी गर्छौं' उनले भने।

कार्यक्रममा घान्द्रुक समाज हङकङका निवर्तमान अध्यक्ष चन्द्र गुरुङ, बौद्ध अर्घौं सदन रामघाटका अध्यक्ष भुवन गुरुङ, तमु प्हेलु संघका अध्यक्ष हितकाजी गुरुङ, क्होइवों धि निर्माण समितिका अध्यक्ष प्रेम गुरुङ लगायतले बोलेका थिए।

कार्यक्रम घान्द्रुक समाज हङकङका निवर्तमान अध्यक्ष चन्द्र गुरुङको सभापतित्वमा सम्मन्न कार्यक्रममा कोषाध्यक्ष प्रेम गुरुङले सहयोग आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने लामा अमृत फाउण्डेशन घान्द्रकका संस्थापक अमृत गुरुङले सञ्चालन गरेका थिए।



भद्रकालीमा बाल चतुर्दशीको दिन मेला : पोखरा महानगरपालिका वडा नं १२ र १३ स्थित गणेश तथा भद्रकालीमा मन्दिर सेवा समितिमा बाल चतुर्दशी तथा शतबीज छर्ने दिनमा मंगलवार मन्दिर परिसरमा भक्तालुहरुको भिड लागेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले पोखरापत्रलाइ बताए। फोटोः पोखरापत्र

# अर्जेन्टिनामाथि साउदी अरेबियाको जित

रासस
काठमाडौं, ६ मंसिर

कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अर्न्तगत समूह सि मा रहेको साउदी अरेबियाले अर्जेन्टिनालाई पराजित गरेको छ।

कतारको लुसाइल स्टेडियममा मंगलबार भएको खेलमा साउदी अरेबियाले उपाधि दाबेदार मानिएको अर्जेन्टिनालाई २-१ गोलअन्तरले पराजित गरेको हो। खेलमा पहिलो आग्रता भने अर्जेन्टिनाले लियो। कप्तान लियोनल मेस्सीले खेलको १०औं मिनेटमा पेनाल्टीबाट गोल गर्दै अर्जेन्टिनालाई १-० को आग्रता दिलाए। साउदीका साउद अब्दुलहामिदले अर्जेन्टिनाका लिन्ड्रो पारेडेसलाई पेनाल्टी क्षेत्रभित्र फउल गरेपछि भीएआरको सहायताले रेफ्रीले अर्जेन्टिनालाई पेनाल्टी दिएका थिए। तर अर्जेन्टिनाको आग्रता लामो समयसम्म टिक्न सकेन।

पहिलो हाफमा १-० ले पछि परेको साउदीले दोस्रो हाफमा दुई गोल गऱ्यो। खेलको पहिलो हाफमा फितलो खेल प्रदर्शन गरेको साउदीले दोस्रो हाफको सुरुवातदेखि नै अर्जेन्टिनालाई दबाबमा राखेको थियो।

खेलको ४९औं मिनेटमा साउदीका सालेह अल सेहरीले गोल गर्दै खेल बराबरीमा ल्याए। फेरास अल्ब्रिकानको पासमा क्रिस्टियन रोमेरोलाई बिट गर्दै उनले गरेको प्रहार गोलमा परिणत भएको थियो। त्यसको पाँच मिनेटमै साउदीका सालेम अल दसारी गोल गर्दै २-१ गोलको आग्रता बनाए। सालेमले पेनाल्टी क्षेत्रको भित्रबाट गरेको प्रहार गोलमा परिणत भएको थियो। जितसँगै साउदीले तीन अङ्क जोडेको छ।

यसैगरी समूह डीको खेलमा डेनमार्क र ट्युनिसियाले गोलरहित बराबरी खेलेका छन्। दोहाको एजुकेसन सिटी स्टेडियममा आज भएको खेलमा निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसक्दा खेल गोलरहित बराबरीमा सकिएको हो। यसखेलसँगै डेनमार्क र ट्युनिसियाले समान एक-एक अङ्क बाँडेका छन्। जारी विश्वकपमा गोलरहित बराबरी भएको यो पहिलो खेल हो।

त्यसैगरी अर्को खेल समूह सीअन्तर्गत मेक्सिको र पोल्याण्ड भिड्नेछन्।

# एक सय ४७ स्थानमा मतगणना जारी : कांग्रेस ४८, एमाले ३४ र माओवादी १८ स्थानमा अगाडि

रासस
काठमाडौं, ६ मंसिर

आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभासदस्यनिर्वाचनअन्तर्गत प्रतिनिधिसभाको एक सय ६५ निर्वाचन क्षेत्रमध्ये एक सय ४७ स्थानमा मतगणना जारी छ। निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार हालसम्म तीन निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ।

आयोगका अनुसार हालसम्म काठमाडौं क्षेत्र नं ४ मा कांग्रेसका गगनकुमार थापा, मनाङ क्षेत्र नं १ मा टेकबहादुर गुरुङ र मुस्ताङ क्षेत्र नं १ मा योगेश गौचन थकाली निर्वाचित भइसक्नुभएको छ। जारी मतगणनामा कांग्रेसका उम्मेदवार ४८ स्थानमा अगाडि छन्। नेकपा (एमाले) ३४, नेकपा (माओवादी केन्द्र) १८, राष्ट्रिय स्वतन्त्र पार्टी १३, नेकपा (एकीकृत समाजवादी) सात र अन्य उम्मेदवार २४ स्थानमा अगाडि छन्। प्रदेशसभाको प्रत्यक्षतर्फ प्रदेश नं १ मा एमाले १५, कांग्रेस ११, माओवादी पाँच, एकीकृत समाजवादी चार र राष्ट्रिय प्रजातन्त्र पार्टी दुई स्थानमा अगाडि छन्। मधेस प्रदेशमा जनमत पार्टी दुई, कांग्रेस आठ, एमाले १२, जनता समाजवादी पार्टी पाँच र अन्य उम्मेदवार १४ स्थानमा अगाडि छन्। मधेस प्रदेशमा जनमत पार्टीका दुई उम्मेदवार विजयी भएका छन्। सप्तरी निर्वाचन क्षेत्र नं १ मा सतिशकुमार सिंह र क्षेत्र नं २ मा महेशप्रसाद यादव विजयी हुनुभएको छ। बागमती प्रदेशमा कांग्रेस १६, एमाले १४, माओवादी केन्द्र पाँच, एकीकृत समाजवादी र राप्रपा चार/चार तथा अन्य दुई स्थानमा अगाडि छन्। बागमती प्रदेशभाको प्रत्यक्षतर्फ काठमाडौं निर्वाचन क्षेत्र नं १ मा कांग्रेसका छिरिङ दोर्जे लामा र ललितपुर निर्वाचन क्षेत्र नं २ मा रामकृष्ण चित्रकार तथा ललितपुर निर्वाचन क्षेत्र नं १ मा एमालेका रामेश्वर श्रेष्ठ विजयी हुनुभएको छ। गण्डकी प्रदेशमा कांग्रेस आठ, एमाले ११, माओवादी केन्द्र तीन र एकीकृत समाजवादी एक स्थानमा अगाडि छन्। गण्डकीमा मनाङ क्षेत्र नं १ बाट कांग्रेसका मुनिन्द्रजङ्ग गुरुङ, मुस्ताङ क्षेत्र नं १ बाट नम्डु गुरुङ, क्षेत्र नं २ बाट विकल शेरचन विजयी हुनुभएको छ। मनाङ क्षेत्र नं २ बाट स्वतन्त्र उम्मेदवार राजीव गुरुङ विजयी हुनुभएको छ। लुम्बिनी प्रदेशमा एमाले ११, कांग्रेस नौ, माओवादी केन्द्र चार, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन, जनता समाजवादी पार्टी दुई र अन्य उम्मेदवार छ स्थानमा अगाडि छन्। कर्णाली प्रदेशमा कांग्रेस र माओवादी केन्द्र चार/चार तथा सुदूरपश्चिम प्रदेशमा कांग्रेस पाँच, एमाले चार, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र उम्मेदवार एक/एक स्थानमा अगाडि छन्।

# नौ निर्वाचन क्षेत्रको मतगणना शुरू हुन बाँकी

रासस
काठमाडौं, ६ मंसिर

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा अब आठ जिल्लाका नौ निर्वाचन क्षेत्रका मतगणना सुरू हुन बाँकी रहेको छ।

ती क्षेत्रमध्ये अधिकांशमा मतपेटिका सङ्कलन भइसकेको र मतगणना सुरू हुने क्रममा रहेको तथा केही क्षेत्रमा राजनीतिक सहमतिपछि मतगणना प्रारम्भ हुने निर्वाचन आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिनुभयो। आयोगका अनुसार मतगणना हुन बाँकी रहेकामा बागमती प्रदेशको दोलखा क्षेत्र नं. १, गण्डकी प्रदेशको स्याङ्जा क्षेत्र नं २, लुम्बिनी प्रदेशको गुल्मी क्षेत्र नं १ रहेका छन्। गुल्मीको एक मतदानस्थल (अर्वेनी) मा मंगलबार पुनःमतदान भएको छ। कर्णाली प्रदेशको मुगुमा मतपेटिका सङ्कलन भइसकेको छ भने डोल्पामा ११ र हुम्लामा ३४ मतदान केन्द्रको मतपेटिका सङ्कलन हुन बाँकी रहेको छ।

# पोखरा...

पोखरा विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ कार्यसमेत निगमलाई नै प्रदान गर्न व्यवस्थाका लागि अनुरोध गरिएको छ', निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निगमले अन्तर ष्ट्रियस्तरको ग्राउण्ड ह्याण्डलिङ सेवा दिइरहेको र आइसागो, आयोटा सेफ्टी अडिट फर ग्राउण्ड अपरेसन्स सर्टिफाइड रहेको निगमले उल्लेख गरेको छ। साथै आन्तरिक वायुसेवाको भूमिस्थ सेवासमेत गर्न सक्षम भएको छ। निगमले त्रिभुवन अन्तर ष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ कार्य गर्दै आएको छ। निगमले अन्तर ष्ट्रिय उडानतर्फ हाल भारतका तीनसहित आठ देशका विभिन्न १० वटा गन्तव्यमा उडान सञ्चालन गर्दै आएको छ।

निगमले मुख्य आम्दानी हुने भारतको नयाँदिल्ली गन्तव्यको उडान कटौती हुँदा आफ्नो आम्दानी खुम्चिएको जनाएको छ। काठमाडौं-दिल्ली गन्तव्यमा साताको १४ उडान गर्दै आएकामा हालैको उडान तालिकामा साताको १० वटा उडान मात्र प्राधिकरणबाट स्वीकृत भएकोले निगमको आम्दानीमा सङ्कुचन भएको निगमले विज्ञप्तिमा जनाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्राधिकरणको निर्देशनानुसार निगम व्यवस्थापनले निर्णय गरी सञ्चालक समितिको समेत स्वीकृतिपश्चात साताका चार उडान गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा (काडमाडौं-दिल्ली-भैरहवा-काठमाडौं) उडान गर्ने गरी स्वीकृतिका लागि प्राधिकरणमा पठाइसकिएको छ। साथै, निगमको कटौती भएको उडान यथावत सञ्चालन गर्ने र आवश्यकताअनुसार अन्य गनतव्यमा उडान थप गर्नसमेत मन्त्रालय र प्राधिकरणलाई अनुरोध गरिएको निगमले जनाएको छ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# प्रतिशोधको निर्णय

प्रतिनिधि सभा सदस्यतर्फका १६५ र प्रदेश सभाका ३३० सिटको मतगणना भइरहेको छ। बुथ कब्जा भएका र विवादित क्षेत्रमा मत गणना हुन सकेको छैन। निर्वाचन आयोगले चाँडोभन्दा निर्णय लिनुपर्छ। समयमै निर्णय नगरेर गलाउन खोजिएको हो भने राम्रो होइन । अहिले मत परिणाम आउने क्रम जारी छ। २०-२५ वटा क्षेत्रको परिणाम प्राप्त भएको छ शुरुवात । अहिले शान भएको छ। यति आँकडाकै भरमा मत परिणामको विश्लेषण गर्नु छिटो हुन्छ। तर, केही सङ्केत देखिएका छन् ।

राजनीतिक कलराष्ट्रिय स्वतन्त्र पार्टीतर्फ मतदाताको 'सेमी लहर' देखियो। अहिले नै यो पार्टीले कति सीट जित्छ भन्न सकिंदैन । यो नेताहरूप्रतिको वितृष्णाको परिणाम हो । नेकपा (एमाले)लाई जति झट्का लाग्छ भन्ने अनुमान थियो, त्यति नलाग्ने देखियो । प्रारम्भिक रुझानको एउटा महत्त्वपूर्ण पक्ष यो पनि हो। पार्टी विभाजन र गठबन्धनले एमालेलाई धेरै धक्का नलाग्ने सङ्केत देखियो । पाँच दलीय गठबन्धनलाई जनताले अस्वीकार गरिदिएका छन ।

गठबन्धनको मत पर्याप्त 'ट्रान्सफर' भएन । यो कुरा शुरूदेखि नै भन्दै आएको थिए तर नेतृत्वले सुनेन। यो पटक गुमाउने नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी हुने देखिएको छ। माओवादी र एकीकृत समाजवादीले प्रत्यक्षमा आफ्नै हैसियतभन्दा धेरै भाग खोज्नुको परिणाम हो यो । उनीहरूले आफ्नो कार्यकर्ता परिचालन हुन नसक्ने र जनताले नचिनेका उमेदवार थोपर्ने कामले परिणाम राम्रो आउन सकेको छैन । आउने अवस्था पनि देखिदैन।

गठबन्धनका मुली प्रधानमन्त्री शेर बहादुर देउवालाई दबाबमा पारेर सिटको नतिजा राम्रो छैन।त्यसरी लिएका सीटमा कांग्रेसको उम्मेदवार हुन्थ्यो भने एमालेसँग कडा टक्कर हुने पक्का थियो। यसरी हेर्दा यी दुई वटा पार्टीले १२-१३ सीट एमालेलाई उपहार दिने सङ्केत देखियो । अरुलाई सक्न खोज्दा आफ्नै अवस्था कमजोर हुनु रिसको बेला गरिएका निर्णय सहि हुँदैनन् भन्ने पुष्टि भएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# काठमाडौं-१ मा एमाले कृष्णगोपाल श्रेष्ठ विजयी

रासस
काठमाडौं, ६ मंसिर

नेकपा (एमाले) का उम्मेदवार कृष्णगोपाल श्रेष्ठले एघार हजार नौ सय ५६ मत प्राप्त गरी काठमाडौं निर्वाचन क्षेत्र नं ९ बाट प्रतितिनिधिसभा सदस्यमा विजय हुनुभएको छ ।

उहाँले निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर पोखरेललाई नौ सय ९५ मतले पछि पार्दै विजयी प्राप्त गर्नुभयो । पोखरेल भने दश हजार नौ सय ६१ मत प्राप्त गर्नुभएको छ।

उक्त निर्वाचन क्षेत्रमा ४४ हजार तीन सय ७९ मत खसेको थियो । मत गणनामा सुरुदेखि नै श्रेष्ठले अग्रता लिनुभएको थियो। उक्त क्षेत्रबाट नेकपा (माओवादी केन्द्र)का कल्पना धमलाले भने ६ हजार चार सय दुई मत प्राप्त गर्नुभयो।

# साहित्यको बजारीकरण

डा. मुरारि पराजुली

पूर्वीय साहित्य शास्त्रमा साहित्यलाई हित गर्ने कल्याणकारी साधन मानिएको छ। साहित्यको प्रयोजनका सन्दर्भमा यसबाट चतुर्वर्गफल प्राप्ति हुने उल्लेख छ। यी चतुर्वर्गफल भनेका धर्म, अर्थ, काम र मोक्ष हुन् । धर्म, काम र मोक्षका साथै साहित्यको प्रयोजन अर्थसित पनि रहेको हुँदा यसलाई पैसा कमाउने साधन समेत मानिएको बुझिन्छ । यसप्रकार साहित्य पनि बजारमा किनबेच हुने वस्तु हो भन्ने स्वतः प्रमाणित हुन्छ । साहित्यको साइनो बजारसित स्वभावतः छ नै तर यसलाई कसरी बजारीकरण गरिएको छ; त्यो चिन्ताको विषय हो।

साधारण भाषामा बजार भन्नाले त्यस्तो स्थान वा प्रणालीलाई बुझिन्छ जहाँ भौतिक रूपमा किन्ने र बेच्ने काम हुन्छ । परस्परमा जम्मा भई क्रेताले आफ्नो आवश्यकता खरिद गर्दछ भने विक्रेताले क्रेताको आवश्यकतामाथि मूल्य राखेर वस्तु हस्तान्तरण गर्दछ । अर्थशास्त्रको भाषामा भने बजार भन्नाले कुनै स्थानविशेषमा सीमित नरही जहाँ वस्तुका विक्रेता र क्रेतामा यस प्रकारको प्रतिस्पर्धापूर्ण एवं एक स्वतन्त्र सम्बन्ध हुन्छ जहाँ वस्तुको मूल्यप्रवृत्ति एक समान हुने गर्दछ र क्रेता तथा विक्रेता आपसमा प्रतिस्पर्धा गर्दछन्। जेहोस्; बजार मानवीय आवश्यकताको खरिद बिक्री हुने स्थान वा प्रणाली हो। यो आजको समाजका निम्ति अपरिहार्य छ।

बजारको छनक आजभन्दा आठ हजार वर्षअगिदेखि नै देखापरे पनि बजार प्रणालीको सुरुवात भने छ हजार वर्षअगि मेसोपोटामियाबाट भएको मानिन्छ । त्यसो त सिन्धुघाँटी सभ्यताको अध्ययन गर्दा पूर्वमा पनि करिब ५५ सय वर्ष अगिदेखि बजार प्रणालीको सुरुवात भएको पाइन्छ । ग्रिक दार्शनिक सुकरातले पैसा कमाउने प्रवृत्तिले मानिसलाई अनैतिक बनाउँछ भनेर उल्लेख गरेका छन्। उनकै चेला अरस्तुले पनि उनको भनाइलाई पछ्याएको देखिन्छ । प्राचीन युनान र ग्रिकको बजार नैतिकतामा आधारित थियो । एघारौँ शताब्दीदेखि पश्चिममा आर्थिक, सामाजिक परिवर्तनका कारण बजारलाई आवश्यकताका रूपमा हेर्न थालियो। पुँजीवादको थालनी नहुन्जेल बजार समाजको आवश्यकताका रूपमा हेरिन्थ्यो। पुँजीवादले बजारलाई उन्मुक्त र निर्णायक बनाउँदै लग्यो । बजारको केन्द्रमा व्यक्ति र व्यक्तिको ऐश्वर्यशाली बन्ने सपना हावी हुँदै गयो।

अर्थशास्त्री एडम स्मिथले मुक्त बजारको पक्षमा वकालत गरे । उनले बजारमाथि हुने राज्यको हस्तक्षेपको विरोध मात्र होइन निर्बन्ध बजारको वकालत गरे। उनको विचारमाथि मार्क्स-एङ्गेल्सले कडा प्रतिवाद गरे । उनीहरूले पुँजीवादी बजारले मानिसलाई क्रयविक्रयको वस्तुमा रूपान्तरण गरी मानवीय पक्षलाई समाप्त पारेको निचोड निकाले । उनीहरूले कम्युनिस्ट घोषणापत्रमा जुन पैसाका बारेमा आजसम्म मानिसहरूका मनमा आदर र श्रद्धाको भावना थियो ती सबैको प्रभामण्डल पुँजीपति वर्गले खोस्यो भन्ने आरोप लगाउँदै डाक्टर, वकिल, पुरोहित, वैज्ञानिक, कवि आदि सबैलाई ज्यालादारी मजदुर बनाएको र पारिवारिक सम्बन्धको भावुकतालाई क्षतविक्षत पार्दै द्रव्यको सम्बन्धमा रूपान्तरण गरेको बताएका छन्।

पुँजीवादले वैयक्तिक मूल्यको अन्त्य गरी व्यक्तिलाई विनिमयको वस्तु बनाइदिएको छ । औद्योगिक पुँजीवादमा समाज र बजारका बीच कडा द्वन्द्व देखापर्‍यो । इतिहासमा मजदुर वर्गको आगमन र बजार अर्थव्यवस्थाको आरम्भ सँगै भयो । बजार अर्थव्यवस्था पुँजीको केन्द्रीकृतता, मुनाफा र सस्तो श्रमसँग जोडिएको छ । यसैलाई लिएर कार्ल पोल्यानीले 'ग्रेट ट्रान्सफर्मेसन' नामक आफ्नो पुस्तकमा यहीँबाट निजी क्षेत्रले राज्यप्रति अविश्वास गर्दै आफ्नो मुक्त भूमिकाको खोजी अगाडि बढाएको उल्लेख गरेका छन् । पोल्यानीको यस भनाइबाट प्रस्ट छ– बजारको यस चरित्रले सामाजिक मूल्य ध्वस्त भयो । १९ औँ शताब्दीको उत्तरार्धदेखि १८ औँ शताब्दीको अन्त्यसम्म युरोपेली बजारमा बजारको वर्चस्व निकै व्यापक रह्यो र यसले पुँजीपतिलाई बढी नाफाखोर, कठोर र निर्दयी बनाउँदै गयो । सन् १९१४ सम्म आइपुग्दा बजार अर्थव्यवस्था विश्वव्यापी रूपमा बलियो हुँदै गयो र राज्यका नियम औ नियन्त्रणलाई बन्धन ठान्न थाल्यो। उत्पादन आवश्यकतासँग कम र मुनाफासँग बढी जोडिँदा कलाका सबै रूपलाई बजार अनुकूल बनाइयो । यसैको नकारात्मक परिणाम प्रथम विश्वयुद्धपछि देखापर्‍यो । सन् १९३० को महामन्दी यही मुक्त बजारको परिणाम थियो।

प्रथम विश्वयुद्ध र सन् १९३० को महामन्दीका विषयमा गम्भीर बहसहरू भए । बेलायती अर्थशास्त्री जोन मिनार्ड किन्सले बजार स्वनियमित र स्वसञ्चालित हुन्छ भन्ने एडम स्मिथकै धारणाका कारण उपर्युक्त महामन्दी भएको निष्कर्ष निकाले । उनले मुक्तबजार अर्थव्यवस्थाको ठाउँमा राज्यनियन्त्रित अर्थव्यवस्थाको अवधारणा अघि सारे। भनिन्छ, उनकै अवधारणाअनुसार चल्नाले द्वितीय विश्वयुद्धपछि कतिपय पश्चिमा देशमा आर्थिक समृद्धि आयो । तर, पुँजीवादी अर्थशास्त्रीहरू किन्सको विचारका कटु आलोचक भएर निस्के । सन् १९७९ मा मार्गरेट थ्याचर बेलायती प्रधानमन्त्री भएपछि फेरि निर्बन्ध अर्थव्यवस्थालाई अगाडि बढाइयो। निजीकरण र बजारको स्वतन्त्रतालाई बढावा दिइयो। सन् १९८१ मा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले पनि यही विचारलाई पछ्याए। १९९० मा सोभियत संघको पतन भएपछि त झन् मुक्त बजार अर्थव्यवस्था झन्झन् स्वेच्छाचारी र राज्यअनियन्त्रित हुँदै गयो।

भारतीय विद्वान् गिरीश मिश्रका अनुसार बजारीकरण निर्बन्ध हुँदै जाँदा राजनीति, कला, साहित्य, संस्कृति आदि सबै क्षेत्रमा कानुनतः अवैध भए पनि खरिद बिक्री चलेको छ । आज भोट, लबिङ, ठेक्का, करार, नियुक्ति, पुरस्कार आदि खरिद बिक्रीका विषय बनेका छन् । यसैले पार्टीमा जेलनेल भोगेको, त्याग गरेको व्यक्ति राजकीय सत्तामा पुग्न नपाई व्यापारी तथा दलालहरू पुग्ने गरेका छन् । यस्तो बजारले संस्कृतिलाई निर्देशित र नियन्त्रित मात्र होइन आफूअनुकूलको संस्कृति निर्माण गर्छ । बजारले आवश्यकताको पूर्ति मात्र होइन कृत्रिम आवश्यकता निर्माण पनि गर्छ। तार्किक, बौद्धिक, आलोचक र स्वाभिमानी व्यक्तिको बजारले प्रतिवाद गरिरहेको हुन्छ र राज्य असहाय भइरहेको हुन्छ। मुनाफाभन्दा पर बजारको कुनै दर्शन हुँदैन, ऊ हरेक क्षेत्रमा बजारीकरण चाहन्छ। साहित्य मानिसको उत्पादनसित सम्बन्धित भएकाले यो श्रमसँग जोडिएको हुन्छ । मानिसको सौन्दर्यात्मक क्रियाकलाप उपयोगितासँग सरोकार राख्छ । साहित्य रसास्वादनका निम्ति मात्र नभई आफूलाई नियाल्न, बुझ्न र फेर्नका लागि पनि हो। साहित्यको सौन्दर्यपरक भूमिका वैयक्तिक भएर पनि सामाजिक हुन्छ।

पुँजीवादी बजारले सिर्जनशीलतालाई वैयक्तिक रूपमा प्रस्तुत गरेर सामाजिक तत्त्वबाट पृथक् गरिरहेको छ । साहित्यले जीवनको पूजा गरेको हुनुपर्छ र यसको पूर्णताका निम्ति अभ्यर्थना गर्नुपर्दछ। साहित्यको आस्वादनले जीवनलाई अझै सुन्दर र पूर्ण बनाउनका लागि क्रियाशील हुनुपर्छ। साहित्यबाट प्राप्त विचार, भाव र यथार्थले अँध्यारोबाट उज्यालोतर्फ बढ्न प्रेरित गर्नुपर्दछ । समाजमा रहेका सम्पूर्ण उत्पीडन, विभेद र अन्यायका विरुद्ध लड्न साहित्यले उत्प्रेरित गर्नुपर्दछ । तर आजको बजारले यी सबै कुरालाई लखेटेको छ। साहित्यको बजारीकरणले साहित्यको जुन सारतत्त्व हो त्यसैबाट उसलाई विस्थापित गरेको छ।

पुँजीवादको विकास हुनुअगि साहित्यको सारतत्त्व बजारले निर्धारण गर्दैनथ्यो । पुँजीवादमा बजार साहित्यमाथि आरुढ भयो र उसको निर्धारण र नियन्त्रणमा साहित्य चल्नुपर्ने भयो। बजारले साहित्यकारको स्वतन्त्रतालाई परिसीमित मात्र गरेन बरु उसले आफूअनुकूल सिर्जनाका निम्ति बाध्य पार्न थाल्यो । बजारले बिक्ने वस्तुको उत्पादन र मुनाफामात्र होइन मनुष्यको वस्तुकरणका लागि उपयुक्त विचार र भावनाको निर्माण पनि सँगसँगै गर्न थाल्यो। साधारणतः साहित्यको किनबेच बजारीकरण होइन।

साहित्यको बजारीकरण भनेको बजार प्रणालीका नियमहरू साहित्यको लेखन, प्रकाशन र वितरणमा लागु हुनु हो। भारतीय साहित्यकार रमेश उपाध्यायका अनुसार बजार भनेको मान्छेको सिर्जनशीलतालाई मान्छेसम्म पुर्‍याउने साधन हो, तर बजारवाद/बजारीकरण भनेको सबैलाई बिकाउ मान्ने विचारधारा हो । के लेख्ने, कस्तो लेख्ने, कसका निम्ति लेख्ने आदिजस्ता प्रश्नलाई जब बजारले निर्देश र निर्धारण गर्छ त्यो नै साहित्यको बजारीकरण हो । यसप्रकार बजारीकरणमा साहित्यकार उपभोक्तावादद्वारा निर्मित पाठकीय मनोविज्ञान र प्रकाशन गृहहरूका व्यावसायिक रणनीतिद्वारा घेरिन्छ र साहित्यकार आफ्नो लेखनस्वतन्त्रतालाई गुमाउन पुग्छ। लेखक विवश भएर बजार अनुकूल लेख्न थाल्छ । आजको बजारलाई साहित्यको विशिष्ट मूल्यसँग होइन यसको उपभोक्ता मूल्यसँग सरोकार छ। बजारलाई साहित्यको समाजिक सौन्दर्यात्मक भूमिकासँग होइन यसबाट आर्जित पुँजीप्रति चासो छ।

यसप्रकार साहित्यको बजारीकरणले हल्का विषयवस्तु, यौन, रहस्य र रोमाञ्चलाई प्राथमिकता दिँदै यर्थाथको भ्रष्टीकरण गरेको हुन्छ । यसले साहित्यको सोद्देश्यता र प्रतिबद्धतालाई पर सार्दै अर्थहीन प्रयोगलाई महत्व दिन्छ। निराशा, विसंगतिबोध, सतहीपना तथा सस्तो प्रणयको बजारिया पक्षलाई प्राथमिकतामा राख्दै साहित्यको सामाजिक मूल्यलाई अस्वीकार गर्नु बजारीकरणको धर्म हो । सार होइन रूपलाई बढावा दिँदै साहित्यको प्रचारमा अतिशय डंका पिटेर कमजोर कृतिलाई प्रचारद्वारा उत्कृष्ट बनाउन लेखक, प्रकाशक र मिडियाको साँठगाँठबाट कृतिलाई स्थापित गरिनु बजारीकरणको मान्यता हो । यसैले हामीले सुनिरहने उत्तरआधुनिकतावादको चर्कोचर्को स्वर बजारीकरणको मुख्य सिद्धान्त हो।

# महादीपदान गरी बसेका भक्तजनले शतबीज छरे

रासस
काठमाडौं, ६ मंसिर

मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन सोमबार राति पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान गरी बसेका भक्तजनले बिहान स्नान गरी शतबीज छरेका छन्।

प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान गरिन्छ । यो पर्वलाई पशुपतिनाथ मेलाका रुपमा समेत चिनिन्छ। महादीपदान गर्न सोमबार बिहानैदेखि पशुपति क्षेत्रमा भक्तजनको चहलपहल सुरु भएको थियो । मार्गशीर्ष कृष्ण त्रयोदशीको राति महादीपदान गरी रातभर जाग्राम बसेका भक्तजनले चतुर्दशीका दिन बिहानैदेखि दिवङ्गत पितृको सद्गतिको कामना गर्दै शतबीज छर्न थालेका हुन् । त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै शतबीज छर्ने परम्परा छ।

दिवङ्गत पितृका नाममा महादीपदान गरी शतबीज छर्न लाखौं भक्तजन पशुपति क्षेत्रमा आएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। बत्ती बाली भक्तजन रातभर शिवालयमा जाग्राम बस्छन् । त्रयोदशीको रातभर दीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहानै पितृको सम्झनामा शतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन्।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन्। बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको सोमबार पशुपतिमा भीड लागेको थियो। जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा सोमबार बिहानैदेखि सुरक्षाकर्मीलगायतको बाक्लो उपस्थिति रहेको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो । पशुपति क्षेत्रलगायत राजधानीका गोकर्णेश्वर, डोलेश्वर, वसन्तपुर स्थित सानो पशुपतिनाथलगायत सहर बजारका शिवालयमा पनि महादीपदान गरी बसेका भक्तजनले बिहान स्नान गरी शतबीज छर्न थालेका छन् । यसैगरी देशका अन्य स्थानमा रहेका शिवालयमा पनि महादीपदान गरी बसेका भक्तजनले बिहानैदेखि शतबीज छर्छन् । आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै १०८ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किराँतेश्वर आदि ठाउँमा शतबीज छर्ने गरिन्छ । बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिरवरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताएका थिए।

शतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ।

हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार शतबीज भन्नाले धानका सय गेडा छर्नुपर्ने अरु अन्न होइन भन्नुहुन्छ धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम । "भगवान् शिव मृगरुप लिएर घुम्नुभएको पुण्यक्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरेबराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ", उहाँले भन्नुभयो । वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गर्नुभएको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किम्वदन्ती छ।

# सञ्चारकर्मी विश्वकर्माको निधन

रासस
चितवन, ६ मंसिर

सञ्चारकर्मी महावीर विश्वकर्माको सवारी दुर्घटनामा निधन भएको छ।

पूर्वी चितवनको राप्तीबाट काठमाडौं जाँदै गरेको माइक्रोबस ट्रकमा ठोक्किएर उहाँको मंगलबार बिहान निधन भएको हो । जिल्ला प्रहरी कार्यालय चितवनले दिएको जानकारीअनुसार बा४ख ४१२ नम्बरको माइक्रोबस रोकिराखेको ना२ख ८५२२ नम्बरको पराल लोड भएको ट्रकमा बिहान ५:३० बजे ठोक्किएको हो । माइक्रोको अगाडि भाग ट्रकको पछाडि भागमा ठोक्किएर कुच्चिएपछि घाइते विश्वकर्माको नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले उद्धार गरेको जनाइएको छ।

३५ वर्षीय विश्वकर्मा सञ्चारकर्मीसँगै वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य एवं जनवर्गीय सङ्गठन जात व्यवस्था उन्मूलन मोर्चाका संयोजक हुनुहुन्थ्यो।

# कांग्रेस संसदीय दलको नेता हुँदै प्रधानमन्त्री बन्ने नाराले गगनलाई जितायो तेस्रोपटक प्रत्यक्षतर्फको सांसद

-पूर्णप्रसाद मिश्र

काठमाडौं, ६ मंसिर (रासस)

नेपाली कांग्रेस संसदीय दलको नेता बनेर प्रधानमन्त्री बन्ने नाराका साथ काठमाडौँ क्षेत्र नं ४ मा मत माग्नुभएका गगनकुमार थापा तेस्रोपटक प्रत्यक्ष सांसद निर्वाचित हुनुभएको छ। निकटतम् प्रतिद्वन्द्वी डा राजन भट्टराईभन्दा सात हजार चार सय ४७ मतान्तरले विजयी उहाँले २१ हजार तीन सय दुई मत ल्याउँदा भट्टराईले १३ हजार आठ सय ५५ मत पाउनुभएको थियो। विसं २०३३ साउन ४ गते काठमाडौँमा जन्मनुभएका महेन्द्रकुमार थापा र राजेश्वरी थापाको छोरा थापाले स्नातकोत्तरसम्म अध्ययन गर्नुभएको छ।

विसं २०४६ को जनआन्दोलनका बेलामा अध्ययनकै उक्त आन्दोलनमा सहभागी हुनुभएका उहाँ नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थीसङ्घमाआवद्धहुनुहुन्थ्यो। उच्च शिक्षा अध्ययनका क्रममा २०५१ सालमा थापा त्रिचन्द्र क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको सदस्यमा निर्वाचित हुनुभएकामा विसं २०५३ को स्ववियु निर्वाचनमा सोही क्याम्पसको सचिवमा निर्वाचित हुनुभएको थियो।

विद्यार्थी सङ्घले सचिवका लागि टिकट नदिएपछि उहाँ विद्रोही समूहबाट सचिव निर्वाचित हुनुभएको हो। विसं २०५५ को स्ववियु निर्वाचनमा थापा त्रिचन्द्र



क्याम्पसको सभापति निर्वाचित हुनाका साथै सोही बखत त्रिभुवन विश्वविद्यालयबाट सिनेट सदस्यमा मनोनित हुनुभयो। विसं २०५७ मा चितवनमा सम्पन्न नेपाल विद्यार्थी सङ्घको नवौँ महाधिवेशनबाट उहाँ उपाध्यक्ष निर्वाचित हुनुभएको थियो । २०५९ सालमा वीरगञ्जमा सम्पन्न नेपाल विद्यार्थी सङ्घको १०औँ महाधिवेशनबाट थापा महामन्त्री मनोनित हुनुभयो। नेविसङ्घको महामन्त्री भएका बेला राजसंस्थाको सान्दर्भिकताका विषयमा बहस गरेर उहाँ चर्चामा आउनुभयो । राजसंस्थाको सान्दर्भिकताका बारेमा बहस गरेरपछि २०६२ सालमा नेविसङ्घका तत्कालीन अध्यक्ष गुरुराज घिमिरे र थापालाई राजद्रोहको मुद्दा लगाइएको थियो । घिमिरे र थापासहित अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का नेता पुरुषोत्तम आचार्यलाई राजद्रोहको मुद्दा लगाएपछि राजधानीलगायत मुख्य सहरमा विद्यार्थी आन्दोलन चर्किएको थियो । त्यसबेलाको विद्यार्थी आन्दोलनमा राजतन्त्रविरुद्ध नै नारा लागेको थियो। आन्दोलन चर्किएपछि तत्कालीन सरकार तीनै जना विद्यार्थी नेतालाई छोड्न बाध्य भएको थियो।

सोही विद्यार्थी आन्दोलनले थापालाई चर्चित विद्यार्थी नेताका रूपमा स्थापित गरेको हो। विसं २०६४ चैत २८ गते सम्पन्न पहिलो संविधानसभा निर्वाचनताका चर्चित वक्ताका रूपमा उहाँले धेरै ठाउँमा सम्बोधन गर्नुभयो । पहिलो संविधानसभा सदस्यका लागि भएको निर्वाचनमा समानुपातिक सूचीमा रहनुभएका थापा परिणाम प्राप्त भएपछि संविधानसभा सदस्य बन्नुभयो । विसं २०६८ मा उहाँ कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएकामा महमान्त्रीमा भने पराजित हुनुभएको थियो।

महामन्त्रीमा हारेपनि थापा केन्द्रीय सदस्य पदमा मनोनित हुनुभयो। विसं २०७० मा भएको दोस्रो संविधानसभा सदस्य निर्वाचनमा काठमाडौँ-४ बाट उहाँ पहिलो पटक प्रत्यक्ष सांसद निर्वाचित हुनुभएको थियो । सोही कार्यकालमा २०७१ सालमा थापाले संसद्को कृषि तथा जलस्रोत समितिको सभापति भएर काम गर्नुभयो भने विसं २०७३ मा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री बनेर गरेको कामका कारण पनि चर्चित हुनुभएको थियो। स्वास्थ्य मन्त्री हुँदा उहाँले सरकारी अस्पतालमा फार्मेसीको स्थापना गराउनुका साथै सफाइमा पनि विशेष अभियान चलाउनुभएको थियो।

स्वास्थ्य बीमाको कार्यक्रम पनि थापाको कार्यकालमा आएको थियो । विसं २०७४ मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पनि उहाँ काठमाडौँ-४ बाट दोस्रोपटक प्रत्यक्ष निर्वाचित सांसद बन्नुभएको थियो। दोस्रो कार्यकालमा थापाले संसद्को शिक्षा तथा स्वास्थ्य समिति सदस्य भएर काम गर्नाका साथै विसं २०७८ मा सम्पन्न कांग्रेस महाधिवेशनबाट भारी मतान्तरले महामन्त्री पदमा निर्वाचित हुनुभएको थियो । कांग्रेस महामन्त्री पदमा थापा र विश्वप्रकाश शर्माको विजयले पार्टीभित्र मात्र नभइ अन्य पार्टी र स्वतन्त्र युवा समूहमा पनि उत्साह जागृत भएको थियो। थापालाई अर्का महामन्त्री शर्माले पनि भावी प्रधानमन्त्री भनी सार्वजनिक घोषणा गर्नुभएको थियो।

फरक-फरक भूगोलमा पुगेर युवासँग अन्तर्क्रिया गर्न रुचाउनुहुने थापा सबैका अनुभव सुन्न लालायित बन्नुहुन्छ। विसं २०५९ असोजमा जननिर्वाचित सरकारलाई हटाएपछि भएका विभिन्न आन्दोलनका क्रममा दुई पटक राजद्रोहको मुद्दा खेप्नुभएका उहाँले राज्यबाट संविधानसभा पदक प्राप्त गर्नुभएको थियो।



पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा सोमबार साँझ अवतरण गरिएको यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन) एरोथाइको जहाज। तस्बिरः जमुनावर्षा शर्मा/रासस

# दुवै निर्वाचन क्षेत्रमा लोकतान्त्रिक-वाम गठबन्धनलाई अग्रता

पोखरापत्र संवाददाता

गोरखा, ६ मंसिर

गोरखामा प्रतिनिधिसभाका दुवै निर्वाचन क्षेत्रमा लोकतान्त्रिक-वाम गठबन्धनले अग्रता जारी राखेको छ । प्रतिनिधिसभा गोरखा क्षेत्र नं २ मा लोकतान्त्रिक-वाम गठबन्धनबाट उम्मेदवार बन्नुभएका नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अहिलेसम्म नौ हजार पाँच सय २६ मत प्राप्त गर्दै अग्रता कायम गर्नुभएको छ । साँझसम्मको मतपरिणामअनुसार उहाँले मतान्तर फराकिलो बनाउँदै लैजानुभएको हो।

अध्यक्ष दाहालले आफ्ना मुख्य प्रतिस्पर्धी देखिएका राष्ट्रिय स्वतन्त्र पार्टीका कवीन्द्र बुर्लाकोटीलाई छ हजार आठ सय ८८ मतले अग्रता कायम गर्नुभएको सहायक निर्वाचन अधिकृत शिव रेग्मीले जानकारी दिनुभयो । बुर्लाकोटीले अहिलेसम्म तीन हजार ३८ मत प्राप्त गर्नुभएको छ। त्यस्तै अर्का उम्मेदवार नेकपा (एमाले) का अब्दुस सलिम मियाँले कूल दुई हजार ९८ मत प्राप्त गर्नुभएको छ। त्यस्तै क्षेत्र नं १ मा लोकतान्त्रिक-वाम गठबन्धनबाट उम्मेदवार बन्नुभएका नेपाली कांग्रेसका राजेन्द्र बजगाईं अग्रस्थानमा हुनुहुन्छ । उहाँले साँझसम्मको मतणनाअनुसार तीन हजार एक सय ६२ मत प्राप्त गर्नुभएको सहायक निर्वाचन अधिकृत गोर्कणराज पन्तले जानकारी दिनुभयो । एमालेका उम्मेदवार रामशरण बस्नेतले नौ सय ३६ मत ल्याएर बजगाईंलाई प छ्या इ र ह नु भ ए को छ। प्रतिनिधिसभातर्फ यो क्षेत्रमा अहिलेसम्म राष्ट्रिय स्वतन्त्र पार्टीले एक सय ३७ मत प्राप्त गरेको उहाँले बताउनुभयो। दुवै क्षेत्रमा मतगणना जारी छ।

# मंगलबार काठमाडौँमा यो वर्षकै बढी चिसो

रासस

गोरखा, ६ मंसिर

काठमाडौँ उपत्यकामा मंगलबार यो वर्षकै बढी चिसो महसुस गरिएको छ।

काठमाडौँको न्यूनतम तापक्रम यो वर्षकै कम सात दशमलव पाँच डिग्री सेल्सियस मापन गरिएको छ । सोमबार काठमाडौँको न्यूनतम तापक्रम ८.० डिग्री सेल्सियस रहेको थियो । चिसो बढेसँगै मौसम पूर्वानुमान महाशाखाकाले तापक्रम क्रमशः घट्दै जाने सम्भावना रहेको हुनाले चिसोबाट बच्न आवश्यक सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ। काठमाडौँ उपत्यकासहित देशभर औसतमा दैनिक एकदेखि दुई डिग्री सेल्सियससम्म तापक्रम घट्न थालेको महाशाखाले जनाएको छ। महाशाखाका अनुसार नेपाली वायुमण्डलमा पश्चिमी वायुको प्रभावसँगै चिसो सुरु हुन्छ । केही दिन अघिदेखि दिउँसोको तापक्रमसमेत दुईदेखि तीन डिग्री सेल्सियसका दरले घटिरहेको छ। हाल देशको पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहेको छ। राति प्रदेश नं १, गण्डकी र कर्णाली प्रदेशको पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहने बताइएको छ । महाशाखाको पछिल्लो विवरण अनुसार मंगलबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम ७ दशमलव पाँच डिग्री र अधिकमत तापक्रम २२ दशमलव सात डिग्री सेल्सियस रहेको छ।

त्यस्तै मंगलबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस एक दशमलव सात डिग्री सेल्सियस र सबैभन्दा बढी विराटनगरको अधिकतम तापक्रम २८ दशमलव आठ डिग्री सेल्सियस मापन गरिएको छ।

# बागलुङका सबै क्षेत्रमा गठबन्धनको अग्रता

पोखरापत्र संवाददाता

बागलुङ, ६ मंसिर

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा यहाँका छ वटै सिटमा सत्ता गठबन्धनका उम्मेदवारले अग्रता कायम गरेका छन्।

पछिल्लो मत परिणामअनुसार बागलुङ-१ मा गठबन्धनका तर्फबाट राष्ट्रिय जनमोर्चाका उम्मेदवार चित्रबहादुर केसीले पाँच हजार सात सय ६८ मत प्राप्त गर्नुभएको छ । नेकपा (एमाले) का सूर्यप्रसाद पाठकले पाँच हजार चार सय ४२ मतसहित केसीलाई पछ्याइ रहनुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका खीमानन्द कँडेलले तीन हजार ३६ मत प्राप्त गरि तेस्रो स्थानमा हुनुहुन्छ । बागलुङ-२ मा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार देवेन्द्र पौडेलले आठ हजार आठ सय ५७ मतसहित अग्रता कायम गर्नुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी एमालेका मञ्जु शर्मा चालिसेले छ हजार सात सय ६३ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

प्रदेशसभा सदस्यतर्फ बागलुङ-१ (१) मा नेपाली कांग्रेसका उम्मेदवार दीपेन्द्रबहादुर थापाले सात हजार आठ सय ८१ मतसहित अघि हुनुहुन्छ। उहाँलाई सात हजार एक सय १६ मतले एमालेका हिराबहादुर केसीले पछ्याइ रहनुभएको छ । बागलुङ-१ को (२) मा नेपाली कांग्रेसका उम्मेदवार डिल्लीराम सुवेदीले फराकिलो मतान्तरसहित अग्रता कायम गर्नुभएको छ। एमालेका नवराज पौडेलले पाँच हजार एक सय २४ मत प्राप्त गर्नुभएको छ।

बागलुङ-२ (१) मा पनि गठबन्धनको अग्रता छ। कांग्रेसका जीतबहादुर शेरचनले नौ हजार चार सय ६२ मतसहित स्वतन्त्र उम्मेदवार प्रकाश घर्तीलाई पछि पार्नुभएको छ। घर्तीले सात हजार छ सय ३० मत ल्याउनुभएको छ।

२ को (२) मा कांग्रेसका दोर्ण कुँवर नौ हजार दुई सय ५५ मतसहित अघि हुनुहुन्छ। उहाँका निकटतम प्रतिस्पर्धी एमालेका लक्ष्मण पुनले छ हजार नौ सय सात मत प्राप्त गर्नुभएको छ । कूल एक लाख ९२ हजार दुई सय २७ मतदाता रहेको यस जिल्लामा एक लाख दुई हजार नौ सय ६३ मत खसेको थियो । मतगणना जारी छ।

# समानुतिकतर्फ एमाले अगाडि

रासस

काठमाडौं ६ मंसिर

प्र ति नि धि स भा को समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता देखिएको छ। आज अपराह्न ५:३० बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले एक लाख १३ हजार चार सय ३६ मत प्राप्त गरेको छ।

नेपाली कांग्रेसले ९७ हजार ८२, राष्ट्रिय स्वतन्त्र पार्टीले ४९ हजार २९, नेकपा (माओवादी केन्द्र) ले ४१ हजार आठ सय २३, राष्ट्रिय प्रजातन्त्र पार्टीले २७ हजार आठ सय २१, जनता समाजवादी पार्टी नेपालले नौ हजार १९, जनमत पार्टीले आठ हजार चार सय ८४, नागरिक उन्मुक्ति पार्टीले छ हजार ५९, नेपाल मजदूर किसान पार्टीले पाँच हजार छ सय ७१ र नेकपा (एकीकृत समाजवादी) पार्टीले पाँच हजार ४०३ मत प्राप्त गरेको छ । प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले २९ हजार सात सय ५०, कांग्रेसले २४ हजार नौ सय ७७, माओवादी केन्द्रले १० हजार तीन सय ६१, राष्ट्रिय प्रजातन्त्र पार्टीले सात हजार पाँच सय ८० र जनता समाजवादी पार्टीले पाँच हजार एक सय ४ मत प्राप्त गरेका छन् । मधेस प्रदेशमा कांग्रेसले पाँच हजार छ सय, एमालेले पाँच हजार चार सय ८७, जनमत पार्टीले चार हजार तीन सय ९८, जनता समाजवादी पार्टी नेपालले दुई हजार पाँच सय २२ र माओवादी केन्द्रले एक हजार नौ सय ९५ मत प्राप्त गरेको छ।

बागमती प्रदेशमा कांग्रेसले १५ हजार नौ सय २१, एमालेले १५ हजार पाँच सय ५७, राष्ट्रिय प्रजातन्त्र पार्टीले नौ हजार पाँच सय छ, माओवादी केन्द्रले सात हजार चार सय ५६ र नेपाल मजदुर किसान पार्टीले पाँच हजार १९ मत प्राप्त गरेका छन्।

गण्डकीमा एमालेले २२ हजार ७०, कांग्रेसले १५ हजार सात सय ७१, माओवादी केन्द्रले चार हजार आठ सय ७५, राष्ट्रिय प्रजातन्त्र पार्टीले चार हजार पाँच सय २४ र हाम्रो नेपाली पार्टीले एक हजार नौ सय ६० मत प्राप्त गरेको छ।

लुम्बिनी प्रदेशमा एमालले ३२ हजार ४८, कांग्रेसले २३ हजार तीन सय ९९, माओवादी केन्द्रले १० हजार छ सय ५५, राप्रपाले सात हजार पाँच सय १९, नागरिक उन्मुक्ति पार्टीले पाँच हजार छ सय १९ मत प्राप्त गरेको छ । कर्णालीमा माओवादीले तीन सय ४३, एमालेले एक सय ७९, कांग्रेसले ९९, राप्रपाले ७० र हाम्रो नेपाली पार्टीले छ मत प्राप्त गरेको छ । सुदूरपश्चिम प्रदेशसभाको समानुपातिकतर्फको मत आयोगको प्रणालीमा प्रविष्ट हुन सकेको छैन।

# पर्वतमा कांग्रेसका जोशीको अग्रता कायमै

पोखरापत्र संवाददाता

पर्वत, ६ मंसिर

पर्वत जिल्लामा प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको मतगणना जारी छ। पर्वतमा कूल खसेको ६६ हजार दुई सय ७३ मत मध्ये अपराह्न ४ बजेसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फ झण्डै १७ हजार मत गणना भएको छ।

पछिल्लो मतगणना परिणाम अनुसार नेपाली कांग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशीले नेकपा एमालेका उम्मेदवार पदम गिरीलाई छ सय ९८ मतान्तरले पछि पार्नुभएको छ । जोशीले आठ हजार ४२ मत प्राप्त गर्नुभएको छ भने गिरीले सात हजार तीन सय ४४ मत प्राप्त गरेका छन्।

प्रदेशसभा सदस्य क्षेत्र नं. १ तर्फ गठबन्धनतर्फका माओवादी केन्द्रका उम्मेदवार सुदीप कुँवरले सात हजार आठ सय ६४ मत प्राप्त गर्नुभएको छ। एमालेका भक्त कुँवरले सात हजार पाँच सय ९१ मत प्राप्त गरेका छन् । प्रदेशसभा निर्वाचन क्षेत्र नं. २ तर्फ गठबन्धनका तर्फका कांग्रेस उम्मेदवार ऋषिकेश तिवारीलाई एमालेका उम्मेदवार मित्रलाल बस्यालले एक हजार पाँच सय ५० मतले पछि पार्दै अग्रता कायम गर्नुभएको छ।

पछिल्लो परिणामअनुसार कांग्रेसका तिवारीले पाँच हजार आठ सय २३ र एमालेका बस्यालले सात हजार तीन सय ७३ मत प्राप्त गर्नुभएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय पर्वतले दिएको जानकारीअनुसार बुधबार बेलुकासम्म मतगणनाको अन्तिम परिणाम आउन सक्ने छ।

# नेता पौडेलको अग्रता

पोखरापत्र संवाददाता

तनहुँ, ६ मंसिर

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको जारी मतगणनामा तनहुँ क्षेत्र नं १ मा नेपाली कांग्रेसले नेकपा (एमाले)लाई उछिनेको छ।

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पाँच सय ४४ मतले अग्रता लिनुभएको छ । मंगलबार साँझ ७ बजेसम्मको मतगणनाअनुसार नेता पौडेलले चार हजार सात सय ११ मत प्राप्त गर्नुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी एमालेका एकबहादुर रानाले चार हजार एक सय ६९ मत पाउनुभएको छ।

यस निर्वाचन क्षेत्र नं १ मा एक लाख २३ हजार चार सय ९० मतदाता रहेकोमा ६६ हजार नौ सय ६५ मत खसेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ। तनहुँ-१ प्रदेशसभा १ मा आठ हजार पाँच सय २९ मतगणना गर्दा कांग्रेसका अशोककुमार श्रेष्ठले तीन हजार छ सय १२ मत प्राप्त गर्नुभएको छ । उहाँका प्रतिस्पर्धी नेकपा एमालेका रामबहादुर गुरुङले दुई हजार चार सय ९२ मत प्राप्त गर्नुभएको छ । नेकपा एकीकृत समाजवादीका विद्या ढकालले चार सय ४५ मत पाउनुभएको छ । तनहुँ-१ प्रदेशसभा १ तर्फ ३६ हजार तीन हजार ६५ मत खसेको छ । तनहुँ-१ प्रदेशसभा २मा नेकपा (माओवादी केन्द्र) का हरिबहादुर चुमानले दुई हजार सात सय २६ मत पाउनुभएको छ। नेकपा एमालेका पूर्णबहादुर गुरुङले एक हजार पाँच सय दुई मत प्राप्त गर्नुभएको छ। तनहुँ-१ मा एक लाख २३ हजार चार सय ९० मतदाता छन्।